# शित भण्डार (Cold Store) संचालन तथा ब्यबस्थापन कार्यविधि -२०८३

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८३/०१/३१

## अजिरकोट गाउँपालिका, गोरखा

## गण्डकी प्रदेश, नेपाल

# शित भण्डार (Cold Store) संचालन तथा ब्यबस्थापन कार्यविधि -२०८३

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८३/०१/३१

प्रस्तावना : कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई उपयुक्त तापक्रम र सापेक्षिक आद्रता भएको कक्षमा निश्चित समयसम्म भण्डारण गरि बजारको माग अनुरुप आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्शानीलाई कम गरि कृषकको आम्दानी बढाउने उद्देश्यले स्थानीय तहको एकल वा साझेदार संस्थाको संयुक्त लगानी तथा लागत साझेदारीमा निर्माण भएका शित भण्डार गृहहरुको हस्तान्तरण, प्रभावकारी संचालन, दिगो व्यवस्थापन गर्न वान्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७५ को दफा ४ ले दिएको आधिकार प्रयोग गरि अजिरकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "**शित भण्डार (Cold Store) संचालन तथा व।व्यवस्थापन कार्यविधि -२०८३**" रहेको छ ।

२) यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

५) "संचालक समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ

६) "साझेदार संस्था" भन्नाले अजिरकोट गाउँपालिकामा संचालन भएको कृषि सहकारी, कृषि समूह वा कृषिसंग सम्बन्धित अन्य शैक्षिक संस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१) यस पलिकभित्रका कृषकहरुले उत्पादन गरेका कृषिजन्य उपजहरुको गुणस्तर संरक्षण गरि उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा खाद्य सुरक्षामा टेवा पुर्‍याउने।

२) कोल्ड स्टोर सुबिधाको विकास मार्फत यस पालिकाभित्रका कृषकहरुलाई बजारको माग अनुरुप लक्षित वालीबस्तुहरुको थप उत्पादनका लागि प्रोत्सहन गर्ने।

## परिछेद-४
## शित भण्डार संचालन प्रक्रिया

**४. शित भण्डार हस्तान्तरण :**

१) गाउँपालिकाले शित भण्डारको निर्माण तथा जडान कार्य सम्पन्न गरे पश्चात सो को प्राबिधिक परिक्षण गरि सम्बन्धित साझेदार संस्थालाई विधिवत हस्तान्तरण गर्न सक्नेछ तर गा. पा. को एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहहरु सम्बन्धित स्थानीय तहका संस्था, कृषि समूह वा कृषि सहकारीलाई हस्तान्तरण गर्दा त्यस्तो शित भण्डारको स्वमित्व स्थानिय तहमा नै रहने गरि भोगाधिकार मात्र हस्तान्तरण गर्न सक्नेछ ।

२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको एकल लगानीमा निर्माण भएका शित भण्डार सम्बन्धित स्थानीय तह बाट भोगाधिकार प्राप्त गरेकोमा यस कार्यविधि बमोजिम कार्य नगरेमा जुनसुकै बखत स्थानीय तहले भोगाधिकार फिर्ता लिन सक्नेछ ।

**५. स्वामित्व हुने :**

१) यस कार्यबिधि बमोजिम स्थानीय तहको एकल लगानीमा निर्माण हुने शित भण्डारको स्वामित्व सम्बन्धित गाउँपालिकाको हुनेछ ।

**६. कृषि उपज भण्डारण :**

१) शित भण्डारमा बिशेष गरि आलु, तरकारी, र फलफुल लगायत कृषि उपजहरुको भण्डारण गरिनेछ ।

२) शित भण्डारणमा कृषि उपजहरुलाई नेपाल सरकारको स्वीकृत पोस्टहार्भेस्ट प्रोटोकल अनुसार निर्धारित तापक्रम, सापेक्षिक आद्रता एवं उपयुक्त हावाको संचार कायम गरि निश्चित समय सम्म भण्डारण गर्नुपर्नेछ

३) गा. पा. को एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहहरु संचालन गर्न देहाय बमोजिमको पालिका स्तरीय संचालक समिति हुने छ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख) पालिकामा कार्यरत कृषि प्राबिधिक | - सदस्य |
| ग) कृषि सहकारी मध्येबाट संयोजकले तोकेको १ जना | - सदस्य |
| घ) कृषि विकास शाखा प्रमुख | - सदस्य / सदस्य सचिव |

४) साझेदारीमा निर्माण गरिएको शित भण्डार संचालनको जिम्मा साझेदार संस्थाको हुनेछ तर संचालन गर्दा गाउँपालिकास्थित संचालक समितिले निर्धारण गरेको मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

**७) संचालक समितिको काम कर्तब्य र अधिकार :**

१) शित भण्डार गृहको नियमित संचालन ब्यबस्थापन रेखदेख तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउने।

२) कृषकले उत्पादन गरेका कृषि उपजहरुको सुरक्षित भण्डारण, गुणस्तर प्रवर्द्धन र बजार आपूर्तिको लागि सहज र सर्वसुलभ व्यवस्था मिलाउने।

३) गाउँपालिकाको एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहसंग सम्बन्धित समग्र व्यवस्थापन र दैनिक प्रसासनिक कामको जिम्मेवारी सहित संचालक समितिको निर्देशन बमोजिमको कार्य सम्पादन गर्न एक योग्य व्यवस्थापक नियुक्त गर्ने।

४) समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरुलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।

५) व्यवस्थापकलाई सेवा शुल्क वाफतको प्राप्त रकम को लेखा जोखा राख्न लगाउने।

६) गाउँपालिकाको एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहहरु हकमा प्राप्त आम्दानी ब्यबस्थापक सेवा शुल्क, बिजुली खपत शुल्क साथै अन्य खर्चको व्यवस्थापन गर्ने।

६) शित भण्डारको लागि आवश्यक सबै स्रोत साधनहरु जुटाउने।

७) शित भण्डार संग सम्बन्धित अन्य आबश्यक कार्यहरु गर्ने।

**८) मूल्य निर्धारण गर्दा ध्यान दिनुपर्ने कुरा :**

१) शित भण्डार गृहको सेवा वाफत शुल्क निर्धारण गर्दा सम्बन्धित जिल्ला वा स्थानीय तहमा रहेको निजि लगानीमा संचालन हुने जुनसुकै शित भण्डारणहरुले निर्धारण गरेको शुल्कको आधारमा सहुलियत पूर्ण तरिकाले निर्धारण गर्नेपर्ने हुन्छ ।

२) यस्तो शुल्क सबैले देख्ने गरि सम्बन्धित शित भण्डार गृहको हाताभित्र राख्नु पर्नेछ ।

३) सेवा शुल्क निर्धारण गर्दा मुख्य गरि संचालन खर्च, व्यवस्थापन खर्च र मर्मत सम्भार खर्चको मात्र लेखा जोखा एवं विश्लेषण गर्नु पर्नेछ ।

**९) अनुगमनः**

१) संचालित शित भण्डारको गाउँपालिका तथा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

## परिच्छेद-५

## विविध

१५) **बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुविधा भएमा संचालक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१७) **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।